# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

## प्रेस विज्ञप्ती

आज मिति २०८२/०५/१६ गते लोक सेवा आयोगको हीरक जयन्ती वर्ष, २०८२ को अवसरमा लोक सेवा आयोग पहुँच (PSC Outreach) कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशका सबै जिल्लाहरूबाट युवा विद्यार्थीहरूको सहभागितामा रूपन्देहीको बुटवलमा **"विद्यार्थीमाझ लोक सेवा आयोग कार्यक्रम"** भव्यताका साथ सञ्चालन भयो। कार्यक्रम सञ्चालनको क्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले यस्तो कार्यक्रम लोक सेवा आयोगले सातै प्रदेशमा सञ्चालन गर्ने जानकारी गराउनुभयो । कार्यक्रममा आयोगका माननीय सदस्य वीर बहादुर राई, माननीय सदस्य दिनेश सिलवाल, बुटवल उपमहानगरपालिकाका प्रमुख, नेपाल संस्कृत विश्वविद्यालयका रजिष्ट्रार, प्रदेश लोक सेवा आयोगका सचिव, रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत यस लुम्बिनी प्रदेशमा पर्ने जिल्ला सदरमुकाम स्थित स्थानीय तहका पदाधिकारी एवं कर्मचारी तथा दश जोड दुई वा सो भन्दा माथि अध्ययनरत करिब १०० जना युवा विद्यार्थीहरूको सहभागिता रहेको थियो।

लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले लोक सेवा आयोग नेपालको सबै भन्दा जेठो संवैधानिक निकाय रहेको चर्चा गर्दै लोक सेवा आयोगको योग्यता, निष्पक्षता तथा स्वच्छताकै कारण आयोगप्रति युवा पुस्तामा आकर्षण तथा विश्वास बढ्दै गएको बताउनुभयो। साथै आगामी दिनमा विदेश जाने कुरालाई प्राथमिकतामा नराखी सार्वजनिक सेवामा प्रवेश गरी देशको सेवामा लाग्न आग्रह गर्नुभयो। आजको कार्यक्रमले सार्वजनिक सेवाप्रति युवा विद्यार्थीमा आकर्षण बढाउन एवं आयोगको निष्पक्ष कार्यप्रणालीका बारेमा सचेतना जगाउन महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। यो कार्यक्रम शुरुवात मात्र रहेको र आगामी दिनमा प्रत्येक जिल्लाका सहभागी पालिकाले आफ्नो जिल्लाभित्रका अन्य पालिकालाई सहभागी गराई यस्तै प्रकृतिको कार्यक्रम सञ्चालन गर्न आग्रह गर्नुभयो। साथै आफुले सिकेका विषयहरू आफ्नो विद्यालय तथा समाजमा पुऱ्याई आयोगको नवोदित मित्रको भूमिका निर्वाह गर्नमा जोड दिनुभयो।

कार्यक्रमका अध्यक्ष तथा लोक सेवा आयोगका माननीय सदस्य वीर बहादुर राईले आजको विद्यार्थीहरू भोलीको देशका कर्णधार भएको हुँदा "**विद्यार्थीमाझ लोक सेवा आयोग कार्यक्रम**" शुरुवात गरिएको र यसले लोक सेवा आयोग प्रति युवा पुस्तामा थप आकर्षण बढ्ने बताउनुभयो। अन्य सरोकारवालाहरूले समेत यस कार्यमा हातेमालो गर्नुपर्ने बताउनुभयो।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सीप मूलक शिक्षा नभएका कारण नेपाली युवा विदेश पलायन भैरहेकाले नेपाली युवा र विद्यार्थीको विदेश पलायन रोक्न लोक सेवा आयोगले आफ्नो तर्फबाट काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले निष्पक्षता, विश्वसनीयता र योग्यता लोक सेवा आयोगको मुख्य सम्पत्ति रहेको हुँदा यसको संरक्षण गर्न यस प्रकारका कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो।

लोक सेवा आयोगको सहसचिव श्री पुरुषोत्तम शर्माले लोक सेवा आयोगको ऐतिहासिक विकासक्रम, संवैधानिक एवं कानूनी व्यवस्था र आयोगको कार्यप्रक्रिया बारे जानकारी गराउनुभयो। उक्त कार्यक्रमले युवा विद्यार्थीमाझ लोक सेवा आयोगले लिने

परीक्षामा आवेदन दिन उत्साह बढाउनुका साथै सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढाई उत्कृष्ट कर्मचारीको छनौट र नियुक्ति सुनिश्चित गर्न यस किसिमको कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा लोक सेवा आयोगका समग्र विषयवस्तुलाई समेटी तयार पारिएको वृत्तचित्र प्रस्तुत गरिएको थियो। साथै लोक सेवा आयोग, बुटवल कार्यालयका कार्यालय प्रमुख श्री सफल पोर्तेलबाट कार्यपत्र प्रस्तुत भएको थियो। त्यस्तै गरी विषय विज्ञ तथा सहजकर्ताहरूबाट उपस्थित विद्यार्थीहरूको समूहगत सक्रियतामा विषयवस्तु माथि छलफल गरिएको थियो।

लोक सेवा आयोगका माननीय सदस्य दिनेश सिलवालले कार्यक्रममा सहभागी हुने अतिथि, पालिका प्रतिनिधि, विद्यार्थी तथा संचारकर्मीलाई हार्दिक आभारसहित सहभागीप्रति धन्यवाद व्यक्त गर्नुभयो। माननीय अध्यक्ष माधव प्रसाद रेग्मीबाट सहभागी स्थानीय तहलाई समन्वय तथा सहभागिताका लागि र कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई लोक सेवा आयोगको हीरक जयन्ती वर्षको लोगो तथा प्रमाणपत्र वितरणसहित कार्यक्रमको समापन भयो।

**(गीताकुमारी होमेगाई)**
**प्रवक्ता**

२०८२ साल भदौ १६ गते, सोमवार
कमलपोखरी, काठमाडौं।